**गोरखा नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ३ संख्या १ मिति २०७५/११/३०**

**भाग-१**

**गोरखा नगरपालिका**

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७४ को ऐन नं. ४

## स्वास्थ्य ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य र सरसफाई सेवा स्थानीय सरकारलाई हस्तान्तरण गरे बमोजिम गोरखा नगरपालिका क्षेत्र भित्रका नागरिकहरुलाई उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गरि थप व्यवस्थित र प्रभावकारी रुपमा स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको प्रमुख जिम्मेवारी रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान, २०७२ को धारा २२६ अनुसूची ८ को सूची नं. ९ तथा अनुसूची ९ को (३) का अधिकारहरु" तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, (२) को (भ) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (१) बमोजिम गोरखा नगर सभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद: १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनलाई 'स्वास्थ्य ऐन, २०७५' भनिने छ ।

(ख) यो ऐन गोरखा नगरपालिका भर लागू हुनेछ ।

(ग) नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले गोरखा नगरपालिकाको स्वास्थ्य ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) **"सङ्घीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी सङ्घीय संसदले बनाएको ऐन बुझ्नु पर्दछ ।

(ग) **"नगरपालिका"** भन्नाले गोरखा नगरपालिका सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले गोरखा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) **"निजी"** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(छ) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी वा सहकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज) **"नगर स्वास्थ्य समिति"** भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(झ) **"व्यवस्थापन समिति"** भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी, सामुदायिक, सहकारी तथा निजी स्तरबाट सञ्चालित स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ट) "**स्वास्थ्य शाखा**" भन्नाले गोरखा नगरपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(ठ) **"प्रदेश ऐन"** भन्नाले गण्डकी प्रदेशको ऐन लाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.** **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् :

**(क)** **सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, आयुर्वेद औषधालय सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकायहरु

हुनेछन् ।

**(ख)** **निजी** : निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, हेल्थ क्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग)** **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु** : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य सहकारी,

स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक तथा यससँग सम्वन्धित स्वास्थ्य सेवा प्रदायक संस्था यस अन्तर्गत पर्दछन् ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय सरकार, प्रदेश सरकार र गोरखा नगरपालिकाले तोकेबमोजिम हुने छ ।

**५. नगर स्वास्थ्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार**

(१) गोरखा नगरपालिका भित्र स्वास्थ्य संस्थाहरुको अनुमति, सञ्चालन, व्यवस्थापन, समन्वय, रेखदेख, अनुगमन र नियमन गर्न नगर स्वास्थ्य समिति रहनेछ, यस समितिको गठन यस प्रकार हुने छ :

(क) नगर प्रमुख वा निजको काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) नगरपालिका भित्रको सरकारी स्वास्थ्य संस्थाका चिकित्सक मध्येबाट नगर प्रमुखबाट मनोनित १ जना — सदस्य

(ङ) स्वास्थ्य व्यवसायी संघ/स्थानीय उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट नगर स्वास्थ्य समितिबाट मनोनित महिला १ जना — सदस्य

(च) नगरपालिका अर्न्तगत आयुर्वेद औषधालय प्रमुख — सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(ज) आवश्यकता अनुसार स्वास्थ्य विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(२) मनोनित सदस्यको कार्यकाल २ वर्षको हुने छ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यले आफ्नो पदीय आचरण अनुसार काम नगरेमा सफाईको मौका दिई जुन सुकै बखत हटाउन सकिनेछ ।

(४) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) संघ, प्रदेश र नगरपालिकाको ऐन, कानून र नियमावली अनुसार नगरपालिका भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति र खारेजी सम्बन्धी तोकिए बमोजिम कार्य गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) ऐनको दफा १७ बमोजिम दण्ड सजायको लागि सिफारिस गर्ने ।

(ञ) स्वास्थ्य तथा सरसफाई सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. नगरपालिका स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार

(१) यस ऐनमा अन्यत्र लेखिए बाहेक नगर स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको योजना तर्जुमा

कार्यान्वयन तथा नियमन प्रक्रिया तयार पारी नगर स्वास्थ्य समितिमा पेश गर्ने ।

(ख) प्रचलित कानुन अनुसारका दैनिक प्रशासनको काम गर्ने ।

(ग) स्वास्थ्य समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) तोकिएका अन्य कार्यहरु गर्ने ।

## ७. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) नगरपालिका भित्रका प्रत्येक सामुदायिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्र व्यवस्थापनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संरक्षक |
| (ख) | स्वास्थ्य संस्था रहेको वडाको वडाध्यक्ष | अध्यक्ष |
| (ग) | अध्यक्षले मनोनित गरेको १ जना | उपाध्यक्ष |
| (घ) | स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये संरक्षकबाट मनोनित महिला १ जना | सदस्य |
| (ङ) | स्वास्थ्य संस्था रहेको वडाको उच्चतम् विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (च) | सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| (छ) | स्थानीय समाजसेवी तथा व्यापारी मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको १ जना | सदस्य |
| (ज) | सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

माथि जुन सुकै कुरा उल्लेख भएतापनि स्वास्थ्य संस्थाको कार्यक्षेत्रका वडाअध्यक्षहरु पदेन सदस्य हुनेछन् ।

(२) निजी स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको गठन काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा खोप र गाउँघर/शहरी क्लिनिक सञ्चालनमा सहयोगका साथै व्यवस्थापन गर्ने ।

(च) संघ, प्रदेश र स्थानीय सरकारवाट सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

**८. बैंक खाता सञ्चालन : हरेक स्वास्थ्य संस्थाले नगरपालिकाले तोकेको बैंकमा खाता खोल्न सक्नेछ ।**

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगर स्वास्थ्य समितिले तोके बमोजिम हुनेछ ।

(३) महिला स्वास्थ्य स्वयं सेविका अक्षय कोष  सोही निर्देशिका अनुसार सञ्चालन गरिनेछ ।

**९. नगर स्वास्थ्य समिति कोष**

(१) नगर भित्रका स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्य सञ्चालन, व्यवस्थापन र ऐनको कार्यान्वयनको लागि नगर स्वास्थ्य कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम

(ग) चन्दा वा दानबाट प्राप्त रकम (स्वदेशी, विदेशी )

(घ) अन्य श्रोतबाट प्राप्त रकम

**१०. स्वास्थ्य संस्था कोष**

(१) प्रत्येक स्वास्थ्य संस्थामा कोष हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु हुनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम

(ग) चन्दा वा दानबाट प्राप्त रकम (स्वदेशी, विदेशी )

(घ) वडा समितिबाट प्राप्त रकम

(ङ) अन्य श्रोतबाट प्राप्त रकम

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

### ११. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा २५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ, यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले संघ र प्रदेशको मापदण्डमा तादाम्यता हुने गरी अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडा अर्थात तोकिएको जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नेछ :

(क) **जनशक्ति** : स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अ.हे.व. २ जना, अ.न.मी. २ जना, आवश्यकता अनुसार ल्याव १ जना तथा फार्मेसी १ जना र सहायक कर्मचारीहरु रहनेछन् ।

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, स्तनपान कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको अपाङ्ग तथा बालमैत्री भवन निर्माण गर्नुपर्नेछ ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरणहरु र स्वास्थ्य संस्था सञ्चालनका उपकरणहरु, मापदण्ड र निर्देशिका तथा आवश्यकता अनुसार व्यवस्थपन गर्नुपर्ने छ ।

(घ) दफा (१) र (२) को (क, ख, ग) मा जुनसुकै कुरा उल्लेख भएतापनि स्वास्थ्य संस्थाहरुमा संघ तथा प्रदेशको मापदण्ड लाई आधार मानिने छ ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा : नगरपालिकाको क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रृष्ट तथा संघ संस्थाहरुसँगको साझेदारीमा वा

आफैंले नगरपालिकामा कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

४) **स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य मापदण्ड संघ, प्रदेश र नगरपालिकाले तोके बमोजिम हुनेछ ।**

(क) नेपाल सरकार र प्रदेश सरकारले तोकेको जनशक्तिमा आवश्यकता अनुसार नगरपालिकाले जनशक्ति थप गर्न सक्नेछ ।

**१२. निजी क्षेत्रमा अस्पताल सञ्चालन सम्बन्धी व्यवस्था ।**

(१) नगरपालिका क्षेत्रभित्र निजी, ट्रष्ट वा लोककल्याणकारी तथा सहकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा २५ शैया सम्मको सञ्चालन अनुमति स्वास्थ्य समितिको निर्णयानुसार स्वास्थ्य शाखाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिए बमोजिम नगरपालिकाको स्वास्थ्य शाखामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य शाखामा प्राप्त निवेदन उपर अध्ययन अवलोकन गरी तोकिएको पूर्वाधार तथा मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न प्रतिवेदन सहित नगर स्वास्थ्य समितिमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर स्वास्थ्य समितिले ३ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (३ र ४) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ । अनुमति प्रदान गर्दा एक वर्षका लागि अस्थायी र दुई, दुई वर्षमा तोकिएको रकम बुझाई नवीकरण गर्नेगरी स्थायी स्वीकृति प्रदान गरिनेछ ।

(६) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा नगरेको पाईएमा अनुमति प्रदान गरिनेछैन ।

(७) माथी जुन सुकै कुरा उल्लेख भएपनि सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको अनुगमनको क्रममा यस ऐनमा तोकिएको पूर्वाधार तथा मापदण्ड यथावत नरहेको पाईएमा सफाईको मौका दिई स्वास्थ्य समितिको निणर्यअनुसार अनुमति रद्द समेत गर्न
सकिनेछ ।

**१३. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड :** नगरपालिकाको नगर स्वास्थ्य समितिको अनुमतिमा सञ्चालनमा रहेका अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ :

(१) जनशक्ति: कम्तिमा ३ जना डाक्टर (१ जना विषय विशेषज्ञ), १ जना रेडियोलोजिस्ट ६ जना स्टाफ नर्स, ३ जना ल्याब टेक्निसियन, ६ जना स्वास्थ्य सहायक (हे.अ, फार्मेसी, अ.हे.व, अ.न.मि) र आवश्यक मात्रामा सहायक तथा सहयोगी स्वास्थ्यकर्मी र व्यवस्थापनका कर्मचारीहरु नियुक्ति गर्नुपर्नेछ ।

(२) भवन तथा कोठा : दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, फार्मेसी, पार्किङ, केहि खुल्ला भाग र भौतिक पूर्वाधार अपाङ्ग तथा बालमैत्री हुनुपर्नेछ ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको साथै आवश्यक उपकरणहरु जस्तै : ल्याबका उपकरण, एक्सरे, युयसजि, ईसिजि तथा आवश्यक फोरसेप हुनुपर्नेछ ।

दफा ११ र १२ का आधारहरु भने संघ तथा प्रदेशको सञ्चालन तथा स्वीकृत मापदण्डसँग तादाम्यता कायम गरिनेछ ।

(४) अन्य मापदण्ड र पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

**१४. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

नगरपालिकाको नगर स्वास्थ्य समितिको अनुमतिमा सञ्चालनमा रहेका पोलिक्लिनिकहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा १ जना डाक्टर, १ जना स्टाफ नर्स, १ जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक ( हे.अ,फार्मेसी, अ.हे.व, अ.न.मि ) र आवश्यक मात्रामा सहायक तथा सहयोगी स्वास्थ्यकर्मी र व्यवस्थापनका कर्मचारीहरु नियुक्ति गर्नुपर्नेछ ।

(२) भवन तथा कोठा : दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, फार्मेसी, पार्किङ, केहि खुल्ला भाग र भौतिक पूर्वाधार अपाङ्ग तथा वालमैत्री हुनुपर्नेछ ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको साथै आवश्यक उपकरणहरु जस्तै : ल्याबका उपकरण, एक्सरे, युयसजि, ईसिजि तथा आवश्यक फोरसेप हुनुपर्नेछ ।

दफा ११ र १२ का आधारहरु भने संघ तथा प्रदेशको सञ्चालन तथा स्वीकृत मापदण्डसंग तादाम्यता कायम गरिनेछ ।

(४) अन्य मापदण्ड र पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

**१५. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा संघ, प्रदेश तथा नगरपालिकाले जारी गरेको माप दण्ड र देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य शाखावाट स्वीकृति लिनु पर्नेछ ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान र जग्गा धनी प्रमाण पूर्जा वा भाडामा भए घर धनी र सञ्चालक बीचको कम्तिमा ५ वर्षे घर भाडा सम्बन्धी सम्झौता पत्र ।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(६) प्रस्तावित लागत ।

(७) राष्ट्रिय प्रयोगशालाबाट सञ्चालनको अनुमति लिएको हुनुपर्नेछ ।

(८) अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**१६. फार्मेसी सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा संघ, प्रदेश र नगरपालिकाले तोकेको मापदण्ड पूरा गरी स्वास्थ्य शाखाबाट अनुमति लिनु पर्नेछ ।

(२) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोबास, ठेगाना, प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(३) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

(४) फार्मेसी सञ्चालनको लागि औषधी व्यवस्था विभागको स्वीकृति लिएको हुनुपर्नेछ ।

**१७. मापदण्ड पुरा नगरेमा सजाय हुने :** यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लङ्घन गरेको पाईएमा नगरपालिका वा तोकिएको निकायले देहाय बमोजिम दण्ड सजाय गर्नसक्नेछ :

(१) स्वास्थ्य संस्थाले प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको अनुमति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा स्वास्थ्य समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको जानकारी आमजनतालाई दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना गर्ने देखि अनुमति खारेज गर्न सकिनेछ ।

(४) अन्य कानून उल्लङ्घनको हकमा संघ, प्रदेश वा स्थानीय तहको कानून बमोजिम दण्ड जरिवाना गर्ने, अनुमति खारेज समेत गर्न सकिनेछ ।

५) माथि जुनसुकै कुरा उल्लेख भएतापनि कुनै कसैलाई दण्ड सजाय गर्नु अघि मनासिव माफिकको सफाईको मौका प्रदान गरिनेछ ।

१८. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा तोकिएको शुल्क र शैयामा तोकिएको प्रतिशत, तोकिएको सेवाग्राहीहरुको लागि छुट वा मिनाह दिनुपर्नेछ, साथै गोरखा नगरपालिका भित्र सञ्चालित निजी तथा सामुदायिक अस्पतालहरुले प्रत्येक वर्ष नगरपालिकाको सल्लाह र समन्वयमा कम्तिमा एक पटक नगरपालिकाले तोकेको स्थानमा अनिवार्य नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन
गर्नुपर्नेछ ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम्सेवा सम्बन्धी व्यवस्था

१९. **स्वास्थ्यकर्मीको व्यवस्थापनः** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका र तोकिएका स्वास्थ्यकर्मीहरु

(२) **करार:** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा नियुक्त स्वास्थ्यकर्मीहरु

(३) **अभ्यासकर्ता:** राष्ट्रिय तथा स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरी सम्बन्धित परिषद्मा दर्ता भएका विद्यार्थीरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा बढीमा १ वर्षको लागि काममा लगाउन सकिनेछ।

(४) **ओ.जे.टि. सम्बन्धमा :** कुनैपनि शिक्षण संस्थाबाट ओ.जे.टि. मा आएका छात्रा तथा छात्रलाई स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाहरुमा पठाउन सकिनेछ , सो वापत सम्बन्धित संस्थासँग नगरपालिकाले तोके बमोजिम शुल्क लिनेछ।

२०. **स्वास्थ्य अभियानकर्ता/स्वास्थ्य बीमाकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगर कार्यपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्ने छ।

(१) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम (SEE) कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्नसक्ने छ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम, अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यसभन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको

व्यवस्था गरी बिदाइ गर्न सकिनेछ र नयाँ नियुक्ति गर्दा कम्तिमा माध्यमिक शिक्षा परिक्षा ९क्भ्भ्० कक्षा उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

(५) स्वास्थ्य बीमासँग सम्बन्धित कार्यक्रमको स्वास्थ्य शाखाले बीमाकर्ता परिचालन, समन्वय र अनुगमन स्वास्थ्य बीमा निर्देशिका बमोजिम गर्नेछ ।

**२१. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोके बमोजिम तलब र नगर कार्यपालिकाले जोखिम भत्ता तथा अन्य सेवा सुविधा व्यवस्था गर्नसक्ने छ ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा नगरपालिकाले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराउन सक्ने छ ।

(४) अभियानकर्ता/महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, र स्वास्थ्य सेवा सम्बन्धी अभियान तथा अन्य काममा खटाईएको समयमा दिइने खाजा तथा यातायात सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**२२. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी संघ, प्रदेश र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट तोकिए बमोजिम र समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता भएमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करारमा तथा अन्य थप स्वास्थयकर्मी/कर्मचारी नियुक्त गर्नुपर्ने भएमा गोरखा नगरपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी नियुक्ति गर्ने कार्यविधि अनुसार हुनेछ :

**२३. कर्मचारी सरुवा :**

(१) नगरपलिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुको आन्तरिक सरुवा नगर स्वास्थ्य समितिको निणर्य अनुसार प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गरिनेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसँग स्वास्थ्य शाखा प्रमुखले, उक्त अधिकृतसँग स्वास्थ्य संस्थाका प्रमुखहरुले र प्रमुखसँग अन्य कर्मचारीहरुले कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य शाखाको सिफारिसमा नगर स्वास्थ्य समितिले गर्नेछ ।

२५. **कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र लक्षित कार्यसम्पादन पुरा गर्न नसक्ने कर्मचारीलाई तोकिए बमोजिम सजाय
गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय सम्बन्धी व्यवस्था तोकिए बमोजम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२६. **वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई नगरपालिकामा स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा नगरपालिकाको खरिद इकाइले तयार गर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

**२८. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था तोकिए बमोजिम नगरपालिका स्वास्थ्य शाखाले मिलाउने छ ।

## परिच्छेदः ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण, निर्देशन र अनुगमन तोकिए बमोजिम गर्नेछ ।

**३०. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :**

(१) नगरपालिकाले सङ्घीय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) नगरपालिकाले तोके बमोजिम आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(३) विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ (नेपाल सरकार) अनुसार हुनेछ ।

**३१. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य समितिले आवश्यक व्यवस्थाको लागि सिफारीस गर्नेछ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगर स्वास्थ्य समितिको सिफारिसमा नगर कार्यपालिकाले दण्ड, जरिवाना तथा तोके बमोजिम कारवाही गर्नेछ ।

## परिच्छेद: ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा तुरुन्त र नसर्ने रोग लागेमा बढिमा ५ दिन भित्र स्वास्थ्य संस्था वा स्वयंसेविकालाई जानकारी गराउनु पर्नेछ ।

(२) जानकारी गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा समावेश गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरि विद्यालयहरु बन्द गर्न, अस्थायी

रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत रोक लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र महामारी वा दुर्घटनामा उद्धार गर्न आवश्यक थप जनशक्तिको लागि अन्य स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) माहामारी, प्रकोप तथा दूर्घटनामा जनशक्ति परिचालन गर्न द्रुत प्रतिकार्य टोली (RRT) गठन गरिनेछ ।

(४) द्रुत प्रतिकार्य टोली (RRT) गठन सोहि निर्देशिका बमोजिम हुनेछ ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार समिति र उप समिति गठन गर्न सकिनेछ ।

## ३४. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट तोकिए बमोजिम अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) नगरपालिकाले सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले तोके बमोजिम कारवाही गर्न सक्नेछ ।

## ३५. सरसफाई सम्बन्धी कार्यक्रम तथा स्वास्थ्य संस्था फोहोर मैला व्यवस्थापन :

(१) नगरपालिका स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई तथा स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरि सबै घरपरिवारसम्म जनकारी गराउनेछन् ।

(३) घर तथा भवन निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एउटा परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति फोहरमैला व्यवस्थापन ऐन, २०६८ (संशोधन सहित) अनुसार हानी पुऱ्याउने परिवारले तिर्नुपर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहरमैला पुनः प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्थाहरुमा उत्पन्न हुने फोहरमैला व्यवस्थापनको लागि संक्रमण निवारण कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद ८

## विविध

**३६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) सङ्घीय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदाँ वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**
स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य शाखाले समन्वय गर्नेछ ।

**३८. स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाको समन्वयमा वडा समितिको सहयोग लिई आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई अनुगमन र नियमन गर्नेछ ।**

**३९. नगरक्षेत्र भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा नगरपालिकाको स्वास्थ्य शाखा समक्ष बुझाउनु पर्नेछ ।**

**४०. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट, सहकारी र व्यक्तिहरुसँग विभिन्न कार्यक्रमका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।**

४१. **स्वास्थ्य शिविर :** नगरपालिकाको कुनैपनि स्थानमा कुनैपनि संघ संस्था तथा व्यक्तिले निःशुल्क वा सशुल्क स्वास्थ्य शिविर सञ्चालनको लागि स्वास्थ्य शाखाबाट अनिवार्य अनुमति लिनुपर्नेछ, अन्यथा नगरपालिकाले दण्ड जरिवाना तथा कानूनी कारबाही गर्नेछ ।

४२. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४३. प्रचलित पूर्वाधार तथा मापदण्ड पुरा गरि यस अघि सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ तर निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुले यो ऐन जारी भएपछि यस ऐनमा व्यवस्था भएका मापदण्ड र पूर्वाधार पुरा गरी तोकिएको बमोजिम विवरण खुलाई तोकिएको रकम सहित दुई/दुई वर्षमा नवीकरण गर्नुपर्नेछ ।**

**४४. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले संघ र प्रदेशको ऐनमा व्यवस्था भएको विषय तथा अन्य विषयको अतिरिक्त देहायका विषयमा नियम, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(क) रक्त सञ्चार सेवा सञ्चालन ।

(ख) स्वच्छ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर, वायु तथा ध्वनिको प्रदुषण ।

(ग) प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र संवर्द्धन ।

(घ) स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनःउपयोग, प्रशोधन, बिसर्जन तथा व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी ।

(ङ) महिला तथा बालबालिकाको पोषण र व्यवस्थापन ।

(च) परिवार नियोजन तथा मातृ शिशु कल्याण ।

(छ) जनरल अस्पताल, नर्सिङ्गहोम, निदानकेन्द्र, क्लिनिक तथा स्वास्थ्य सेवा केन्द्र ।

(ज) औषधीजन्य जडिबुटी तथा अन्य औषधीजन्य वस्तु सम्बन्धी ।

(झ) जनस्वास्थ्य सरोकार तथा स्वास्थ्य सेवाको निगरानी ।

(ञ) जुनेटिक तथा विभिन्न किटजन्यरोग तथा रोकथाम सम्वन्धी ।

(ट) एम्वुलेन्स तथा स्वास्थ्य सेवा प्रदान गर्ने यातायात सम्वन्धी ।

(ठ) आकस्मिक तथा भैपरि आउने स्वास्थ्य सेवा सम्वन्धी ।

(२) यस ऐनको कार्यान्वयनको लागि संघ तथा प्रदेश निर्देशिका अनुसार नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४५. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर स्वास्थ्य समितिले आवश्यक कार्यविधि तोकि सम्पादन गर्न सक्नेछ ।

४६. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४७. **बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित ऐन, कानुन तथा नियम बमोजिम हुनेछ ।

(२) संविधान, सङ्घीय कानुन, प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
**कृष्ण कुमारी श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**